# संघीय संसद
# प्रतिनिधि सभा
चौथो अधिवेशन
## बैठक संख्या - ४८
## सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७६ साल भदौ १ गते आइतबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री कृष्ण बहादुर महराको अध्यक्षतामा बिहान ११:१५ बजे प्रारम्भ भयो ।

सर्वप्रथम सम्माननीय प्रधानमन्त्री श्री के.पी. शर्मा ओलीले नेपाल सरकारले हालसम्म गरेका कार्यहरु र भविष्यमा अपनाउने कार्यशैलीका सम्बन्धमा सार्वजनिक महत्वको वक्तव्य दिनुभयो ।

तदुपरान्त प्रारम्भ भएको शून्य समयमा निम्नलिखित मा० सदस्यहरुले विविध समसामयिक विषयहरुमा आ-आफ्नो भनाई राख्नुभयो :-

१. मा० श्री बिमला नेपाली
२. मा० श्री भिमसेन दास प्रधान
३. मा० श्री महेश बस्नेत
४. मा० श्री महेश्वरजंग गहतराज (अथक)
५. मा० श्री मिनबहादुर विश्वकर्म
६. मा० श्री मिना सुब्बा
७. मा० श्री मीना पाण्डे
८. मा० श्री मोहन बानियां
९. मा० श्री यज्ञराज सुनुवार
१०. मा० श्री यशोदा गुरुङ सुवेदी
११. मा० श्री रंगमती शाही
१२. मा० श्री राजेन्द्र कुमार के.सी.
१३. मा० श्री रामबहादुर विष्ट
१४. मा० श्री रामविर मानन्धर
१५. मा० श्री रामेश्वर राय यादव
१६. मा० श्री लक्ष्मणलाल कर्ण

त्यसपछि प्रारम्भ भएको विशेष समयमा निम्नलिखित मा० सदस्यहरुले भाग लिनुभयो :-

१. मा० श्री देवप्रसाद गुरुङ
२. मा० श्री मिनेन्द्र प्रसाद रिजाल
३. मा० श्री अनिल कुमार झा
४. मा० श्री उमाशंकर अरगरिया
५. मा० श्री प्रेम सुवाल
६. मा० श्री गोपालबहादुर बम
७. मा० श्री उमा रेग्मी
८. मा० श्री प्रदिप यादव
९. मा० श्री मोतिलाल दुगड
१०. मा० श्री प्रकाश रसाईली (स्नेही)

तदुपरान्त कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिका मा० सभापति श्री पूर्ण कुमारी सुवेदीले “वन विधेयक सम्बन्धी समितिको प्रतिवेदन, २०७६” पेश गर्नुभयो ।

तत्पश्चात राज्य व्यवस्था तथा सुशासन समितिका सभापतिको तर्फबाट समितिका सदस्य मा० श्री कृष्णगोपाल श्रेष्ठले “राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण सम्बन्धी समितिको प्रतिवेदन, २०७६” र “सम्वत् २०७६ असार अन्तिम साता परेको अविरल वर्षाका कारण बाढी र डुबानबाट प्रभावित जिल्लाहरुको स्थलगत निरीक्षण तथा अनुगमन प्रतिवेदन, २०७६” क्रमशः पेश गर्नुभयो ।

त्यसपछि मा० कानुन, न्याय तथा संसदीय मामिला मन्त्री श्री भानुभक्त ढकालले “प्रमाण (दोस्रो संशोधन) विधेयक, २०७५ लाई दफावार छलफलको लागि सम्बन्धित समितिमा पठाइयोस्” भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तदुपरान्त मा० कृषि तथा पशुपंक्षी विकास मन्त्रीको तर्फबाट मा० कानुन, न्याय तथा संसदीय मामिला मन्त्री श्री भानुभक्त ढकालले “बिरुवा संरक्षण (पहिलो संशोधन) विधेयक, २०७५” र “बिउ बिजन (दोस्रो संशोधन) विधेयक, २०७५” लाई दफावार छलफलको लागि सम्बन्धित समितिमा पठाइयोस् भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले क्रमशः निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तत्पश्चात मा० युवा तथा खेलकुद मन्त्री श्री जगतबहादुर सुनार (विश्वकर्मा)ले "राष्ट्रिय खेलकुद विकास विधेयक, २०७५ लाई दफावार छलफलको लागि सम्बन्धित समितिमा पठाइयोस्" भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

त्यसपछि मा० खानेपानी मन्त्री श्री विना मगरले "खानेपानी तथा सरसफाइ विधेयक, २०७५ लाई दफावार छलफलको लागि सम्बन्धित समितिमा पठाइयोस्" भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तदनन्तर बैठक २०७६ साल भदौ ३ गते मंगलबार दिनको १:०० बजे बस्नेगरी दिनको १:१५ बजे स्थगित भयो ।

मनोहरप्रसाद भट्टराई
संघीय संसदको महासचिव